मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २६ | अङ्क २८० | श्रेणी क्षेत्रीय 'क' | २०८२ कार्तिक १७ गते सोमबार | 3 Nov. 2025 | पृष्ठ ४ | मूल्य रू. ५।-

## संघीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने मुख्यमन्त्रीहरूको प्रतिबद्धता

**रासस**
काठमाडौं, १६ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनको वातावरण निर्माणका लागि आह्वान गर्नुभएको सातै प्रदेशका मुख्यमन्त्रीहरूसँगको बैठक सम्पन्न भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकमा सातै प्रदेशका मुख्यमन्त्रीहरूले निर्वाचनको वातावरण निर्माणका लागि संघ सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले राजनीतिक दलसहित सबै पक्षसँग संवाद र छलफल अघि बढाएकामा सराहना गर्दै उहाँहरूले निर्वाचनका पक्षमा वातावरण बनाउन यो कदम फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो। मुख्यमन्त्रीहरूले शान्ति सुरक्षाको विषय निर्वाचनको प्रमुख चुनौती रहेकाले यसमा गम्भीरताका साथ लाग्नुपर्ने धारणा राख्नुभएको थियो । सङ्घ, प्रदेश र स्थानीय



सरकारले आपसी सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित काम गरेमा तोकिएकै मितिमा निर्वाचन गर्न सकिने उहाँहरूको भनाइ थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले भन्नुभयो, "म एमालेको प्रतिनिधित्व गर्छु। हामी चुनावका विरोधी होइनौँ, तर चुनावको वातावरण बनाउन सङ्घ सरकार लागोस् र त्यसमा हाम्रो भूमिकालाई पनि नबिर्सोस्। अबको निकास चुनाव नै हो।"

यस्तै, 'जेनजी' प्रदर्शनका क्रममा क्षति पुगेका संरचना पुनर्निर्माणका लागि संघ सरकारले नै 'प्याकेज' ल्याउनुपर्ने मुख्यमन्त्रीहरूले सुझाव दिनुभएको छ । उहाँहरूले खर्च कटौतीका लागि सङ्घीय सरकारले गरेको परिपत्रले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको पनि बताउनुभएको थियो । संघ सरकारले कानुनले तोकेभन्दा बढी सहयोगी र सल्लाहकार राख्न नपाउने, रु १० लाखभन्दा माथिका योजनाको ठेक्कामा अनिवार्य बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराउनुपर्नेजस्ता मार्गदर्शन गरेको थियो।

'जेनजी' प्रदर्शनपछि उत्पन्न परिस्थितिका बीच गठित सरकारले न्यायिक, प्रशासनिक सुधारका काम नगरेको तर प्रदेशका राजनीतिक पदाधिकारीको सुविधामा मात्र लक्षित गरी परिपत्र गरेको हो कि भन्ने आशंका रहेको पनि मुख्यमन्त्रीको बताउनुभएको थियो। मधेस प्रदेशका मुख्यमन्त्री जीतेन्द्रप्रसाद सोनार (सोनल)ले खडेरी र अतिवृष्टिबाट प्रभावित किसानका लागि राहत घोषणा गर्न माग गर्नुभयो।

मुख्यमन्त्रीहरूले 'डेडिकेटेड फिडर'को बक्यौता नबुझाउने उद्योगको बिजुलीको लाइन काट्ने निर्णयले उद्योगका साथै मजदुर र सरकारको राजस्वमा असर पर्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभएको थियो। प्रधानमन्त्री कार्कीले पनि राजनीतिक दल नै यस व्यवस्थाकावाहक भएकाले जतिसक्दो छिटो निर्वाचन गरी दलीय सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।

## राजदूत फिर्ता बेलाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

**रासस**
काठमाडौं, १६ कार्तिक

सर्वोच्च अदालतले अन्तरिम सरकारले राजदूतहरू फिर्ता बोलाउन गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ।

न्यायाधीशहरू शारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले आज राजदूत फिर्ता बोलाउनेसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो।

आदेशमा भनिएको छ, "विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको छैन । प्रस्तुत निवेदन अन्तिम आदेश हुँदा ठहर भएबमोजिम हुने हुँदा हाललाई मन्त्रिपरिषद्को २०८२ असोज ३० मा भएको राजदूत फिर्ता बोलाउनेसम्बन्धी निर्णय हाललाई कार्यान्व्यन नगर्नू।"

यसअघि, न्यायाधीश विनोद शर्माको एकल इजलासले यही कात्तिक ९ गते यस विषयमा लिखित जवाफ माग गरेको थियो । अदालतले दुवै पक्षको छलफलपछि आज अन्तरिम आदेश जारी गर्दै राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको हो । अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा नै विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुनसक्ने कुनै गुञ्जायस नै नभएकाले संविधानतः राजदूत नियुक्ति हुन नसक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको मागसहित रिट निवेदन दायर गर्नुभएको थियो।

गत असोज ३० गते सरकारले कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो। फिर्ता बेलाइएका राजदूतमा चीनका प्रा डा कृष्णप्रसाद ओली, जर्मनीका डा शैल रुपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जङ्गबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा दुर्गाबहादुर सुवेदी रहनुभएको छ।

## सडक मर्मतपछि खुल्यो कागबेनी-छुसाङ सडक, चैले सडक मर्मत हुँदै

**रासस**
मुस्ताङ, १६ कार्तिक

बिहीबार राति परेको अविरल वर्षाका कारण अवरुद्ध कोरला नाका जोड्ने (कागबेनी-छुसाङ) नौ किलोमिटर सडक आजदेखि सञ्चालनमा आएको छ। शनिबारदेखि विभिन्न स्थानमा उपकरण प्रयोग गरी सुरु गरिएको कागबेनी-छुसाङ सडक आवश्यक मर्मतपछि आजदेखि सडकमा यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयको पहलमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, सुरक्षा निकाय र कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाको सहकार्यमा सडक सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय मुस्ताङ प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । उहाँका अनुसार कागबेनी-छुसाङ अवरुद्ध सडक सञ्चालनमा आएसँगै बारागुङ मुक्तिक्षेत्र-३ छुसाङमा फसेका झण्डै ३५० भन्दाबढी सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गरेका छन् । "छुसाङमा कति सङ्ख्यामा सवारीसाधन अड्किएका छन् भनी प्रहरीचौकी कागबेनीलाई विवरण सङ्कलन गर्न भनेका छौँ, जीप, कार, मोटरसाइकल र मालवाहक गरी ३५० भन्दाबढी साधन अड्किएको भन्ने छ, छुसाङमा रोकिएका सबै सवारीसाधन जोमसोम झर्दै गरेका छन्", उहाँले भन्नुभयो । कागबेनी-छुसाङसम्मको सडक सञ्चालनमा आए पनि कोरलानाका जोड्ने बारागुङ मुक्तिक्षेत्र-३ चैलेमा अवरुद्ध सडकको मर्मतका लागि उपकरणसहित टोली

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मनास्लु क्षेत्रबाट अलपत्र पर्यटकको उद्धार

**रासस**
गोरखा, १६ कार्तिक

गोरखाको मनास्लु क्षेत्रबाट अलपत्र पर्यटकको उद्धार गरिएको छ।

उक्त क्षेत्रबाट आज ११० पर्यटकको उद्धार गरिएको छ। घाइते, बिरामी तथा खराब मौसमका कारण गन्तव्यतर्फ जान नसकेका पर्यटकको उद्धार गरिएको हो। "मौसम खुल्नासाथ उद्धार कार्य सुरु गरेका थियौँ", निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले भन्नुभयो, "पाँच हेलिकोप्टरमार्फत पर्यटकको उद्धार गरियो । जसमध्ये ८५ प्रतिशत विदेशी पर्यटक थिए।" मौसम सफा भएसँगै केही पर्यटक लार्केपास गरी मनाङ झरेका छन्। केही भने आरुघाटतर्फ फर्कँदै



गरेका सहायक प्रजिअ बरालले जानकारी दिनुभयो । एकदुई दिनभित्रमा उद्धारकार्य सम्पन्न हुने उहाँको भनाइ छ। आज मौसम खुलेपछि गाउँपालिका, मनास्लु संरक्षण क्षेत्र आयोजना, होटल व्यवसायी उपसमिति, स्थानीय युवा मिलेर बाटो खोल्ने काम गरिरहेका चुमनुब्री गाउँपालिका-१ साम्दोका पर्यटन व्यवसायी निमा दोर्जे लामाले बताउनुभयो । उनीहरु गत मङ्गलबारदेखि परेको हिमपातले ढाकिएका र पहिरोले पुरिएका बाटो सफा गर्न गएका उहाँले जानकारी दिनुभयो।

"आज कतिपय पैदलमार्फत आरुघाटतर्फ झरे । बिरामी, अशक्तलाई हेलिकोप्टरबाट उद्धार गरियो । तीन सय ८० जना भने साम्दोबाट लार्केपास गर्न धर्मशालातर्फ गएका छन्। उनीहरु लार्केपास गरेर मनाङ झर्छन", पर्यटन व्यवसायी लामाले भन्नुभयो। साम्दोमा पर्यटक आउने क्रम नरोकिएको उहाँको भनाइ छ। यो याममा (भदौ १६ देखि कात्तिक १५ सम्ममा) छ हजार ४१४ पर्यटकले मनास्लु क्षेत्रको भ्रमण गरेका मनास्लु संरक्षण क्षेत्र आयोजनाको तथ्याङ्कमा उल्लेख छ। हाल उक्त क्षेत्रमा सयौँ पर्यटक रहेका छन् । यसै गरी गोरखाको तातोपानी क्षेत्रमा अलपत्र परेका ३५ स्वदेशी तथा विदेशी पर्यटकको उद्धार गरिएको छ। धार्चे गाउँपालिका-३ तातोपानीबाट नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त टोलीले २० विदेशी र १५ नेपाली पर्यटकको सकुशल उद्धार गरेको सशस्त्र प्रहरी बलका केन्द्रीय प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । उनीहरु सामागाउँबाट माछीखोलातर्फ आउने क्रममा पहिरोका कारण तातोपानीमा अलपत्र परेका हुन् । पर्यटक अलपत्र परेको जानकारी प्राप्त हुनासाथ नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस आरुघाटबाट खटिएको टोलीले उनीहरूको उद्धार गरी माछीखोलातर्फ पठाइएको थियो। उद्धार गरिएका पर्यटकको स्वास्थ्य अवस्था भने सामान्य रहेको बताइएको छ।

निमोनियाबाट बचौं र बचाऔं ।
निमोनिया संक्रमणका लक्षणहरु:
- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन्।
बालबालिकालाई निमोनियाबाट बचाउन:
- नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं।
- सरसफाईमा उचित ध्यान दिऔं।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## मर्मतपछि खुल्यो कागबेनी-कोरला सडक

**रासस**
मुस्ताङ, १६ कार्तिक

कोरलानाका जोड्ने कागबेनी-चैले सडक आजदेखि सञ्चालनमा आएको छ। शनिबार बिहानदेखि सडक मर्मत सुरु गरिएकामा कागबेनी-कोरला सीधा यातायात सेवा ३६ घण्टापछि सञ्चालनमा आएको हो।

जिल्ला प्रशासन कार्यालयको समन्वयमा सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधि तथा कालीगण्डकी करिडोर (बेनी–जोमसोम-कोरला) सडक आयोजनाको संयुक्त पहलमा कागबेनी-कोरलासडकसञ्चालनमा ल्याइएको हो । वर्षाका कारण कागबेनी-कोरला खण्डअन्तर्गत कागबेनीदेखि चैलेसम्मको करिब १२ किलोमिटर दूरी सडकको विभिन्न स्थानमा सडक भत्किएको थियो । वर्षाका कारण कोरला सडक पूर्ण रुपमा अवरुद्ध हुँदा सवारीसाधन बारागुङ-३ को छुसाङ र चैलेमा थन्किएका थिए। बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधि, स्थानीय प्रशासन, सुरक्षाकर्मी, आयोजनालगायतको सहयोगमा कागबेनी-कोरला सीधा यातायात सेवा सञ्चालनमा ल्याउन

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखराको आर्वामा तेस्रो संस्करणको 'पोखरा एन्ड्युरो रेस' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक

पोखरा महानगरपालिका-१३ आर्वामा यस बर्ष तेस्रो संस्करणको 'पोखरा एन्ड्युरो साईक्लिङ रेस' हुने भएको छ । अन्तर्राष्ट्रिय स्तरको यो प्रतियोगिता कार्तिक २७ गतेदेखि सुरु हुने भएको छ ।

डाउनहिल डष्क प्रालिको आयोजनामा हुने यो प्रतियोगितामा ८ देशका साईक्लिष्टले सहभागिता जनाउने भएका छन् । प्रतियोगितामा अष्ट्रेलिया, सिंगापुर, क्यानडा, जर्मनी, अमेरिका, ओमान, जापान र श्रीलंकाका खेलाडीले नाम दर्ता गराइसकेका छन्। ओमानको राष्ट्रिय टोली समेत सहभागी हुने प्रालिले जनाएको छ । प्रालिका प्रबन्धक तथा रेस निर्देशक सुनिलचन्द्र शर्माका अनुसार प्रतियोगितामा करिब ६० जना साईक्लिष्ट प्रतिस्पर्धा गर्ने छन्। करिब १ दशमलव ६ किलोमिटर दूरीमा डाउनहिल ट्र्याक तयार गरिएको छ । ६ वटा फरक-फरक ट्रेलमा प्रतिस्पर्धा हुनेछ। प्रतियोगिता जुनियर (१२-१८ वर्ष), पुरुष एलिट (१९ वर्षमाथि), खुल्ला महिला, माष्टर ए (३०-३९ वर्ष), माष्टर बी (४०-४९ वर्ष) र भेट्रान्स (५० वर्षमाथि) इभेण्टमा आयोजना हुने छ । शर्माले आर्वालाई पोखराको साहसिक खेलको हबका रूपमा विकास गर्ने लक्ष्यसहित २०२० देखि साईक्लिङ रेस आयोजना गर्दै आएको बताउनु भयो । उहाँका अनुसार आर्वामा हालसम्म ६ वटा ट्रेल निर्माण भइसकेका छन् र पूर्वाधार विस्तारमा हालसम्म करिब २५ लाख रुपैयाँ खर्च भइसकेको छ । 'पोखराका सराङ्कोट वा काहुँजस्तै आर्वा पनि साहसिक खेलका लागि आदर्श स्थान हो,' शर्मा भन्छन्, 'हामीले यहाँबाट पोखरा एन्ड्युरोलाई विश्वस्तरमा पुर्याउने लक्ष्य राखेका छौं ।' हालैको जेन-जी आन्दोलनले पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पारेको भए पनि, आयोजकले प्रतियोगितालाई निरन्तरता दिने निर्णय गरेको छ। प्रतियोगिताको सुरक्षाका लागि १४ सदस्यीय मेडिकल टिम खटाइने भएको छ, जसमा २ जना चिकित्सक र ४ वटा एम्बुलेन्स रहनेछन् । प्रतिस्पर्धामा उत्कृष्ट खेल प्रदर्शन गर्ने ५ जना साईक्लिष्टलाई 'साईक्लिङ एशोसिरिज अवार्ड' प्रदान गरिनेछ । साथै उत्कृष्ट जम्प गर्ने खेलाडीलाई ३० हजार रुपैयाँको विशेष पुरस्कार बी एण्ड बी हस्पिटलले प्रायोजन गर्ने जनाएको छ । कास्की जिल्ला साईक्लिङ संघका अध्यक्ष शंकर भण्डारीका अनुसार पोखरा एन्ड्युरो जस्ता अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमले पोखरालाई 'साहसिक पर्यटनको राजधानी'का रूपमा स्थापित गर्न सहयोग पुर्याउने विश्वास व्यक्त गरेका छन् ।

# आठ पार्टीबीच कात्तिक १९ गते एकता हुने

**रासस**
काठमाडौं, १६ कार्तिक

यही कात्तिक १९ गते विभिन्न आठ पार्टीबीच एकता हुने भएको छ । ती पार्टीले आइतबार ' पार्टी एकता सहमति पत्र' जारी गरी १९ गते एकता घोषणा गर्ने जनाएका हुन् ।

सहमति पत्रमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पाटी नेकपा (माओवादी-समाजवादी), नेपाल कम्युनिष्ट पार्टी (चिरन पुन) र नेकपा (साम्यवादी) का नेताहरूले हस्ताक्षर गर्नुभएको छ ।

सहमति पत्रमा भनिएको छ, "पार्टीको एकता राष्ट्रिय सम्मेलन एकता प्रक्रियामा सहभागी सबै घटकका केन्द्रीय समितिको संयुक्त भेलाको रूपमा एकता राष्ट्रिय सम्मेलनको आयोजना २०८२ कात्तिक १९ गते गरिने छ। एकता राष्ट्रिय सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणा पत्र र अन्तरिम विधान पारित र केन्द्रीय समितिको गठनलगायत कार्य गरिने छन् ।" पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, नेपाली क्रान्तिको कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद, पार्टीको तत्कालीन कार्यनीति पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गरिने जनाइएको छ । पार्टी एकताबारे थप प्रष्ट पार्दै भनिएको छ, "पुँजीवादी जनवादी क्रान्तिको उपलब्धिको रूपमा रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधीनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक सामाजिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता हो ।" आन्दोलनको स्वरूपमा आन्दोलन मूलतः शान्तिपूर्ण हुने र परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत सबै मोर्चा प्रयोग गरिने उल्लेख छ। यस्तै, आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गरिने सहमति पत्रमा जनाइएको छ । सहमति पत्रमा भनिएको छ, "केन्द्रीय समितिको गठन एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साविकका केन्द्रीय समितिहरूलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिने छ, केन्द्रीय समितिभित्रको संरचना केन्द्रीय समिति, राजनीतिक समिति, सचिवालय, कार्यसंयोजन समिति हुनेछ ।"

# व्यवहार परिवर्तनले तालिमको प्रभावकारीता देखाउछ : प्रमुख सचिव घिमिरे

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले गत भाद्र १८ गते सुरु गरेको प्रदेश र स्थानीय तहमा अधिकृत स्तर सातौ र आठौ तहमा कार्यरत कर्मचारीहरुको तिस कार्यदिने सेवाकालीन तालिमको समापन प्रतिष्ठानको कार्यकारी निर्देशक सुरेन्द्र बाबु तिवारीको अध्यक्षता एव गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डन्डु राज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

समापन सत्रमा बोल्दै प्रमुख सचिव घिमिरेले कर्मचारीले प्राप्त गरेको अवसरले सेवा प्रवाहमा सुधारमा आएमा मात्र तालिम सफल बन्छ । तालिमको प्रभावकारीता तालिम प्राप्त गर्ने ब्यक्तीको व्यवहारमा आएको परीवर्तन संग जोडिने बताउदै असहज परीस्थितिमा पानी सेवाकालीन तालिम सम्पन्न भएकोमा खुसी ब्यक्त गर्नु भयो ।

गण्डकी प्रदेश निजामती ऐन र नियमावलीमा नै कर्मचारीको क्षमता अभिबृद्धीको लागी तिनवर्षमा कम्तीमा पाच वा सो भन्दा बढी दिनको क्षमता अभिबृद्धी तालिमको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । कुल १२० सत्रमा संचालित तालिममा ४६ जना प्रशिक्षकहरुले सहजीकरण गरेका थिए भने प्रदेश र स्थानीय तहमा कार्यरत ३० जना कर्मचारीहरुको सहभागीता रहेको थियो । उक्त तालिम अवधिभर प्रतिष्ठानका कर्मचारी उपसचिव प्रभाकर घिमिरे र प्रशिक्षण तथा अनुसन्धान अधिकृत ई. मनोज पौडेलले तालिम व्यवस्थापन तथा संयोजनको जिम्मेवारी गर्नुभएको थियो । समापन सत्रमा प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले समापन सत्रको अवसरमा तालिमको संक्षेपीकरण प्रस्तुत गर्नु भएको थियो भने तालिमका सहभागी कर्मचारी डा. कमल अधिकारी र कल्पना सापकोटाले सहभागीको तर्फबाट मन्तब्य ब्यक्त गरेका थिए। प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले संचालन गरेको कार्यक्रममा सहभागी कर्मचारीको तालिमको नतीजा सार्वजनिक गरी श्रेणी उल्लेख गरी प्रमाणपत्र वितरण गरीएको थियो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश लोकसेवा आयोगबाट प्रदेश र स्थानीय तहमा सिफारीस भएका कर्मचारीहरुको लागी सेवा प्रवेश तालिम र सेवामा कार्यरत कर्मचारीहरुका लागी सेवाकालिन तालिम २०७६ देखि संचालन गर्दै आएको छ ।

# सूर्योदय र सूर्यास्तसहित हिमशृङ्खलाको दृश्यावलोकन गर्न पुनहिल पुग्ने कि



**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ कार्तिक

सूर्योदय, सूर्यास्त, गुर्जा हिमालदेखि धवलागिरि, अन्नपूर्ण, माछापुच्छे निलगिरिलगायतका हिमशृङ्खलाको दृश्यावलोकनका लागि यहाँस्थित पुनहिल पछिल्लो समय पर्यटकीय आकर्षक स्थल बनेको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका वडा ६ स्थित घोडेपानी पुनहिल क्षेत्रको भ्रमणका लागि असोज, कात्तिक, फागुन, चैत र वैशाख महिना उपयुक्त समय हो । यस क्षेत्रमा वार्षिक ३० हजारको हाराहारीमा पर्यटक भित्रिने गरेका पर्यटक प्रहरी चौकी घोडेपानीको तथ्याङ्क छ।

प्रवेश शूल्क सङ्कलन र चिया पसल सञ्चालनको ठेक्का पाएका व्यवसायी सुदीप पुर्जा पुनले यसपालि मौसम र राजनीतिक अवस्था प्रतिकूल हुँदा अपेक्षाकृत सङ्ख्यामा पर्यटक नआएका बताउनुभयो । यसअघिका वर्षका शरदयाममा दैनिक चार सय जनाको अनुपातमा पर्यटक आएका थिए। घोडेपानीमा बास बसेका पर्यटक एकाबिहानै करिब ४० मिनेट उकालो पैदलयात्रा गरेर सूर्योदय र हिमशृङ्खलाको अवलोकनका लागि पुनहिल पुग्ने गर्छन् ।

घोडेपानीमा हाल दैनिक एक हजार जनाभन्दा बढी बास बस्न सक्ने क्षमताको २३ सुविधासम्पन्न होटल छन् । त्यसैगरी, कास्कीको घान्द्रुक, म्याग्दीको भुरुङ तातोपानी र मोहरेडाँडा भएर घोडेपानी-पुनहिल पुग्न सकिन्छ। कास्कीको वीरेठाँटी-उलेरी-घोडेपानी, नयाँपुल-घान्द्रुक-घोडेपानी, म्याग्दीको नागी-महरे-फूलबारी-घोडेपानी र तातोपानी-घार-शिख हुँदै घोडेपानी पुग्न सकिनेगरी पदमार्ग सञ्चालनमा छन् । अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर हुँदै घार, शिख हुँदै सडकको प्रयोग गरेर घोडेपानी पुग्न सकिन्छ । सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरेर पोखरेबगरदेखि घोडेपानी जोड्ने सडकलाई स्तरोन्नतिलाई निरन्तरताका साथै र कास्कीको नयाँपुल हुँदै घोडेपानी जोड्ने सडकको मार्ग खोलिएको अन्नपूर्ण -६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । "पुनहिलको ठेक्काबाट हुने आम्दानीको केही हिस्सा सोही क्षेत्रको पर्यटन पूर्वाधार विकासमा लगानी गरिरहेका छौँ", उहाँले भन्नुभयो, "पदयात्रा गर्न रुचाउने विदेशी पर्यटक र सवारसाधनको सुविधा खोज्ने नेपाली दुवैथरि पर्यटकलाई भित्र्याउन प्रयास गरेका छौँ ।" यसैबीच अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा वडा नं ६ मा रहेको पर्यटकीयस्थल पुनहिलबाट करिब रु ४६ लाख आम्दानी गरेको छ । पुनहिल भ्रमणमा आउने पर्यटकबाट प्रवेश शुल्क सङ्कलन र चिया पसल सञ्चालनका लागि रु ४५ लाख ९० हजारमा ठेक्का सम्झौता भएको हो ।

ठेक्का प्रतिस्पर्धामा सबैभन्दा बढी कबोल गरेको होटल शिखर प्रालिले अग्रिम रकम जम्मा गरेर नियमानुसार १० प्रतिशत छुट पाएको गाउँपालिकाका सूचना अधिकारी भगवती खड्काले बताउनुभयो । गत वर्ष रु ४० लाख आम्दानी भएको थियो । समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल भ्रमण गर्ने विदेशी पर्यटकबाट प्रतिव्यक्ति रु एक सय ५० र स्वदेशीबाट प्रतिव्यक्ति रु ५० का दरले प्रवेशशुल्क सङ्कलन तथा चिया पसल सञ्चालन गर्न गाउँपालिकाले ठेक्का लगाउँदै आएको छ।

# लिटिल मिस मोन्टेसरीका विजेता विनीशा कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक



'हेभेनली इभेन्ट म्यानेजमेन्ट' द्वारा आयोजित 'लिटिल मिस मोन्टेसरी एण्ड प्रि-स्कुल सिजन २' को उपाधि बिनिशा कार्कीले जितेकी छन् । विजेता कार्कीले नगद पचास हजार सहित क्राउन, स्यास र अवार्ड प्राप्त गरिन् ।

पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालज्यूले बालबालिकाकोप्रतिभाप्रस्फुटनका लागि यस्ता कार्यक्रमहरू अत्यन्तै महत्वपुर्ण रहेको बताउँदै यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । प्रतियोगितामा बिहान्शा शर्मा फस्ट रनरअप, सबिया ढकाल सेकेन्ड रनरअप र क्रिजल कार्की थर्ड रनरअप घोषित भए। साधना शर्माले 'भ्युअरर्स च्वाइस' अवार्ड जितिन् । हेभेनली इभेन्ट म्यानेजमेन्टका सञ्चालक सफल सुवेदीले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएकोमा हृदय देखी खुशी व्यक्त गरे । कार्यक्रमको निर्णायक मण्डलमा क्रमश कौशल्या गुरुङ (नवदीप बोर्डिङ स्कुलकी संस्थापक),मोनिका थापा (पोखरा वर्ल्ड स्कुलकी संस्थापक), अनुषा श्रेष्ठ (फेसन कोरियोग्राफर, मोडल), प्रकाश रेग्मी (नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजका प्रिन्सिपल), आशिष पुरी (प्रचारका सञ्चालक, मिडियाकर्मी) र सन्देश भुर्तेल (कप्पिङ रुमका सञ्चालक), रहेका छन् । कार्यक्रमले बालबालिकाहरूको प्रतिभा प्रस्फुटनमा महत्त्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ।

# मर्मतपछि ...

सफल भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो । कागबेनीदेखि दुई किलोमिटर उत्तरको कोरला सडकमा साविक सडकको विकल्प तत्कालका लागि करिब १०० मिटर बढी सडक डाइभर्सन निर्माण गरिएको छ। अवरुद्ध चैले सडकको भाँसिएको स्थानमा तत्कालका लागि उपकरण प्रयोग गरी माटो फिलिङ गरेर सडक सञ्चालनमा ल्याइएको बारागुङ-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । अन्य ससाना स्थानका सडकमा पहिरो पन्छ्याएर सडक सञ्चालनमा ल्याइएको हो । कागबेनी-कोरला सडक पूर्ण रुपमा खुलेसँगै कोरलानाका पुगेर फर्किदा बाटोमै थन्किएका झन्डै १०० सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गरेको इलाका प्रहरी कार्यालय छुसाङले जनाएको छ । बारागुङ मुक्तिक्षेत्र-३ का वडाध्यक्ष विनोद गुरुङले कागबेनी-कोरला सडक अस्थायी कामचलाउका रुपमा सञ्चालनमा आएको जानकारी दिनुभयो । उहाँका अनुसार कोरला सडक पूर्ण रुपमा खुलाउन आयोजनाको समन्वयमा चार उपकरण एकैसाथ परिचालन गरिएको थियो । अर्का वडाध्यक्ष कर्मा घ्याचो गुरुङले तत्कालका लागि हलुका सवारीसाधन मात्रै आउजाउ गर्नसक्ने बनाइएको ठूलो मालबाहक सवारीसाधनले कोरलानाका आउजाउ गर्न समस्या हुने बताउनुभयो। जोमसोम–कागबेनी सडक भने मर्मतपछि शनिबारदेखि सञ्चालनमा आएको थियो ।

# सडक ...

त्यसतर्फ प्रस्थान गरेको लामाले उल्लेख गर्नुभयो । "अहिले चैलेमा समस्या छ, त्यहाँ पर्खाल निर्माण गरी फिलिङ गरिएको करिब ३५ मिटर सडक पहिरोले भाँसिएको छ, आज साँझसम्ममा सडक मर्मत गरी सडक खुलाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो । चैले सडक मर्मतका लागि लोघेकर दामोदरकुण्ड गाउँपालिकाबाट पनि टोली त्यसतर्फ आइसकेको उहाँको भनाइ छ। यसैगरी हिमपात र प्रतिकूल मौसमका कारण लोमान्थाङ-२ छोसेर न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयको सेवाप्रवाह प्रभावित भएको छ । मङ्गलबारको हिमपात र त्यसपछिको अविरल वर्षाका कारण मुस्ताङ भन्सार कार्यालयको सेवा अवरुद्ध बनेको मुस्ताङ भन्सार कार्यालयका अधिकृत डिल्लीराम सुवेदीले जानकारी दिनुभयो।

भन्सार जाँचपासका लागि विद्युत् र इन्टरनेट सुविधा आवश्यकपर्ने भए पनि केही दिनयता उपल्लो मुस्ताङमा विद्युत् र इन्टरनेट सुविधा अवरुद्ध भएकाले भन्सार कार्यालयमा नेपाल-चीन आयात/निर्यातका मालवस्तु जाँचपासमा हुन नसकेको भन्सार अधिकृत सुवेदीको भनाइ छ। जोमसोम-कोरला सडक अवरुद्ध भएका कारण पनि भन्सारका केही कर्मचारीहरु कार्यस्थलमा आउन नसकेको तर भन्सार एजेन्टहरु पहिले नै यहाँ आएर बसेको अधिकृत सुवेदीले जनाउनुभयो। विद्युत् र इन्टरनेट सेवा अवरुद्ध हुँदा कोरला नाकाबाट आयात गरिएका चिनियाँ सामान ढुवानी गरिएको झण्डै ५० भन्दाबढी मालवाहक कन्टेनर भन्सार कार्यालयमा रोकिएको भन्सार अधिकृत सुवेदीले बताउनुभयो । कागबेनी-कोरला सडक अवरुद्ध हुँदा झण्डै १०० भन्दाबढी मालवाहक सवारी दुईदिनदेखि कोरला नाका जान नसकी जोमसोम र कागबेनीमै रोकिएका छन् ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatrdaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक ।

– शेखसादी

## सम्पादकीय

# महाधिवेशनमा होमिएको एमाले

जेनजी आन्दोलनको प्रभाव सबै पार्टीमा परेको छ । सबैभन्दा पहिले महाधिवेशनमा जाने घोषणा गरेको नेकपा माओवादी केन्द्र पार्टी एकता भन्दै महाधिवेशन पर सार्ने लक्षण देखाएको छ । नेपाली काङ्ग्रेस महाधिवेशनको कार्यतालिका ल्याउन सकस परेको छ । नेकपा एमाले भने महाधिवेशन प्रचार गर्न होइन गर्न तयार भएको छ। महाधिवेशनको स्थल पोखराबाट काठमाडौं फेरेको छ । महाधिवेशनमा होमिएको एमालेले प्रतिनिधित्व सहितको खाका सचिवालय बैठकबाट पारित गरेको छ । नेकपा एमालेले महिला, मजदुर र दलितसँगै ४० वर्ष मुनिका युवाहरूलाई पनि कोटा छुट्याएर प्रतिनिधि चयन गर्ने निर्णय गरेको छ ।

अध्यक्ष केपी शर्मा ओलीको अस्थायी निवास गुन्डुमा बसेको सचिवालय बैठकले ४० वर्ष मुनिका युवाहरूलाई निश्चित कोटा छुट्याउने निर्णय गरेको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्रलाई आधार मानेर प्रतिनिधि चयन गर्दा एक महिला र एक जना ४० वर्ष मुनिका युवा छनोट हुनेछन् । १२ सय सदस्य बराबर ४ जना प्रतिनिधि चयन हुनेछन् । यसमा एक महिला र एक जना ४० वर्ष मुनिका युवा आउने छन् । अर्थात् कम्तिमा १६५ जना युवा एमालेको प्रतिनिधि चयन हुनेछन् । १२ सय भन्दा बढी सदस्य भएका निर्वाचन क्षेत्रहरूमा भने हरेक ८ सय बराबर थप एक प्रतिनिधि चयन हुनेछन् । त्यसरी छनोट हुने प्रतिनिधिमा खुला प्रतिस्पर्धा हुनेछन् । दलित समुदायका निम्ति हरेक जिल्लाबाट एक जना प्रतिनिधि आउनेछन् । गैरभूगोल सहित ८१ जना प्रतिनिधि सुनिश्चित गरिएको नेताहरूले बताएका छन् ।

प्रतिनिधि आउने अर्को क्षेत्र प्रदेश हो । गैरभूगोल सहित ९ प्रदेशबाट २ महिला सहित ५ जनाका दरले प्रतिनिधि चयन हुनेछन् । ११ वटा विशेष जिल्ला कमिटीबाट ४७ जना प्रतिनिधि ल्याउने निर्णय भएको छ । मजदुरका निम्ति सात प्रदेशबाट ७ जनाका दरले ४९ जना प्रतिनिधि आउनेछन् । जनसंगठन तर्फ भने महासंघबाट ८ जना र संघबाट ५ जना प्रतिनिधि आउने मापदण्ड बनाइएको छ । यसर्थ ७ वटा महासंघबाट ४९ जना र अरु १६ जनसंगठनबाट ८० जना प्रतिनिधि आउनेछन् ।

केन्द्रीय विभागबाट ३९ जना, प्रवासबाट ३० जना, अनुसशासन आयोगबाट २९ जना, लेखा आयोगबाट ३० जना, निर्वाचन आयोगबाट २५ जना र सल्लाहकार परिषदबाट २५ जना प्रतिनिधि आउनेछन् । महाधिवेशबाट ३५४ जना केन्द्रीय सदस्य स्वतः प्रतिनिधि हुनेछन् । महाधिवेशन प्रतिनिधि चयन १३ मंसिरमा एकैदिन गर्ने निर्णय सचिवालय बैठकले गरेको छ । प्रतिनिधिहरूको अन्तिम टुंगो लागेपछि निश्चित प्रतिशत मनोनीत हुनेछन् । नेताहरूका अनुसार एघारौं महाधिवेशनमा २२ सय बढी प्रतिनिधि सहभागी हुनेछन् । दशौं महाधिवेशनमा भन्दा बढी प्रतिनिधि चयन हुने भएका छन।एमालेको सदस्य संख्या बढेसंगै प्रतिनिधि बढ्ाउन लागेको छ । एमाले अब महाधिवेशनमा जाने निर्णय मात्र होइन प्रतिनिधि चयन देखि सबै प्रक्रिया सचिवालय बैठकबाट गरेर विवादरहित बनाउने प्रयास गरेको छ । अन्य दलले पनि हल्ला भन्दा काम गरेर देखाउने अवसर गुमाउनु हुंदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एक विदेशी आरोहीको उद्धार, दुईको खोजी जारी

**पोखरापत्र संवाददाता**
गोरखा, १६ कार्तिक

गोरखाको पाङ्बारी हिमालमा पाँचदिनदेखि फसेका तीन इटालीका नागरिकमध्ये एक जनाको उद्धार भएको छ भने दुई जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

पाँच हजार मिटर उचाइमा अवस्थित आधार शिविरमा रहेका ६५ वर्षका भेल्टर परलिनोको आइतबार बिहान १० बजे हेलिकप्टरमार्फत उद्धार गरी चुमनुब्री-१ साम्दोमा ल्याइएको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँको साथमा रहनुभएका पेम्बा रेञ्जी शेर्पा, दावा छिरी शेर्पा र पासाङ तामाङको पनि हेलिकप्टरबाट उद्धार गरिएको उहाँले जानकारी दिनुभयो । तर ५५०० मिटर उचाइमा अवस्थित क्याम्प-१ मा रहेका ६७ वर्षका स्तेफानो फरिनातो र ३७ वर्षका अलेस्सान्द्रो गापुटोको खोजी भइरहेकोप्रहरीले जनाएको छ। तीन इटालीका आरोही र तीन नेपाली सहयोगी गत बुधबारदेखि पाङ्बारी हिमालको आधार शिविरमा फसेका थिए ।

# "मायामा मायामा" गीत सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १६ कार्तिक

डा. जसपाल पाख्रिन तामाङको प्रस्तुतिमा गायक सन्तोष बस्याल र गायिका अस्मिता अधिकारीको स्वरमा सजिएको नयाँ गीत "मायामा मायामा" पोखरामा एक भव्य समारोहबीच सार्वजनिक गरिएको छ ।

प्रेमिल भावनामा आधारित यस गीतका गीतकार जसपाल पाख्रिन तामाङ र अनिता पौडेल हुन् भने संगीत सन्तोष बस्यालले दिएका छन् । गीतमा सुबिन सेन्चुरीको संगीत संयोजन र नेत्र गुरुङको निर्देशन रहेको म्युजिक भिडियोलाई उच्च स्तरको सिनेमेटिक ढंगमा प्रस्तुत गरिएको छ । भिडियोमा कलाकार सुशन पाख्रिन तामाङ र मीस मगर २०२३ की विजेता बीनु मगरले अभिनय गरेका छन् । लमजुङको मर्स्याङदी गाउँपालिकास्थित हामखोला झरना, ङादी ड्याम, उपल्लो मर्स्याङदी हाइड्रोपावर, पीस हिल रिसोर्ट लगायतका आकर्षक दृश्यहरू तथा कास्कीको अस्ताम र फेवाताल वरिपरिका स्थानमा छायांकन गरिएको यस भिडियोले दर्शकलाई प्राकृतिक सौन्दर्य र भावनाको मिश्रणमा डुबाउने प्रयास गरेको छ । गीतकार तथा निर्माता डा. जसपाल पाख्रिन तामाङले कार्यक्रममा बोल्दै, "यो गीत मैले चार महिनाअघि लेखेको हुँ । सम्पादनमा अनिता पौडेलको सहयोग महत्वपूर्ण रह्यो," भन्दै गीत आफ्ना श्रीमती नरसोभा गुरुङसँगको प्रेमकथामा आधारित रहेको बताए । उनका अनुसार "मायामा मायामा" गीतले भावना र सरलतालाई जोड्ने कथा बोकेको छ । कार्यक्रमका प्रमुख अतिथि कवि, गीतकार एवम् संस्कृतिकर्मी तीर्थ श्रेष्ठले पोखराबाट बनेको यस गीतलाई "राम्रो उदाहरण"को रूपमा प्रस्तुत गर्दै भने, "अब अडियो मात्र होइन, भिडियो पनि उत्तिकै सशक्त हुनुपर्ने जमाना आएको छ । 'मायामा मायामा' गीतले त्यो सन्देश दिएको छ ।" उनले गीतको पृष्ठभूमि, छायांकन र भावनात्मक प्रस्तुति सबै उत्कृष्ट रहेको प्रशंसा गरे । त्यस्तै, कन्दरा ब्याण्डका संगीतकार सुनील थापाले गीतको सबै पक्ष बलियो रहेको बताउँदै डिजिटल प्रोमोशनमा ध्यान दिनुपर्ने सुझाव दिए । "राम्रो सिर्जनाको बजार राम्रो हुनुपर्छ, अहिलेको बजार भनेको डिजिटल प्लेटफर्म हो," उनले उल्लेख गरे । गायक तथा संगीतकार सन्तोष बस्यालले आफू १० वर्षदेखि संगीतकर्ममा सक्रिय रहेको जनाउँदै राम्रो सिर्जनाका लागि गीतकार तथा निर्माता जसपाल पाख्रिनप्रति धन्यवाद व्यक्त गरे । "पोखराबाट पनि उत्कृष्ट म्युजिक भिडियो बन्न सक्छ भन्ने उदाहरण नै 'मायामा मायामा' हो," उनले दाबी गरे । गीतलाई ओएसआर डिजिटलमार्फत सार्वजनिक गरिएको छ । भिडियो निर्देशक नेत्र गुरुङले राम्रो निर्माता भएका कारण नै म्युजिक भिडियोको छायांकनदेखि सम्पादनसम्म सबै पक्ष सुदृढ बनेको उल्लेख गरे । दर्शकहरूले गीतलाई माया गर्नेमा हामी आफु विश्वस्त रहेको भनाई उनको छ । "मायामा मायामा" प्रेम, संवेदना र लमजुङ सँगै पोखराको सौन्दर्यलाई जोड्ने भावनात्मक म्युजिक भिडियो बनेको छ – जसले पोखराको सांगीतिक उचाइमा नयाँ रंग भर्ने निर्माण पक्षले अपेक्षा गरेको छ ।

# भेट्रान एथलेटिक्स टोली भारत प्रस्थान

**रासस**
काठमाडौं, १६ कार्तिक

एसियाली मास्टर्स एथलेटिक्स च्याम्पियनसिपको २३औँ संस्करणमा सहभागी हुन नेपाली भेट्रान टोली आइतबार भारतको चेन्नइ प्रस्थान गरेको छ ।

यही नोभेम्बर ५ देखि ९ तारिखसम्म हुने उक्त प्रतियोगितामा २२ खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गर्ने छन् । खेलाडीसहित ३६ सदस्यीय नेपाली टोली रहेको छ । खेलाडीमा ग्रिवानविक्रम शाह, शिवहरि खनाल, रइवतबहादुर दाहाल, गौतम माझी, तेजेन्द्र थापा, हरिगोपाल जोशी, राजेशकुमार श्रेष्ठ, कृष्णप्रसाद सिग्देल, सर्मिला श्रेष्ठ प्रधान, विष्णु मल्ल, सीता गुरुङ, इन्द्रकुमारी मल्ल र सुनिलकुमार लालवनी छ्न ।

त्यस्तै अन्य खेलाडीमा श्रवनकुमार श्रेष्ठ, रामचन्द्र श्रेष्ठ, आशनारायण चौधरी, अरुणकुमार वैद्य, एन्थोनी अमात्य, गोविन्दबहादुर थापा, सन्तोषबहादुर खड्का, सुरेश जोशी र गौरी श्रेष्ठ छन् ।

टोली प्रमुखमा जिएन दाइ शर्मा, व्यवस्थापकमा भैरव शाही र यशोदा शर्मा, सहायक व्यवस्थापकमा अभव भरतमणि आचार्य दीक्षित र विजयलक्ष्मी शाही तथा फिजियोमा विश्वरत्न मानन्धर र सुधा थापा रहेका छन् । टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्क लाल घिसिङले आज यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गरे ।

# सिल्मी–ठुलीपोखरी–कार्कीनेटा सडक जोखिमपूर्ण

**पोखरापत्र संवाददाता**
पर्वत, १६ कार्तिक

सदरमुकाम कुश्मालाई जिल्लाको मध्य भागसँग जोड्ने दोबिल्ला-सिल्मी-ठुलीपोखरी-खौला-कार्कीनेटा सडकखण्ड निर्माण व्यवसायीको लापरवाहीले जोखिमपूर्ण बनेको छ ।

पोखरा-बागलुङ राजमार्गको वैकल्पिक मार्गका रूपमा रहेको यो सडकमा दैनिक सयौँ सवारसाधन चल्ने भए पनि समयमा काम नगर्दा यात्रुहरूलाई सास्ती भएको हो । सिल्मी-ठूलीपोखरी सडकको पोखरी घुम्ती, लौकेको उकालोलगायत ठाउँमा रहेको सोलिङका ढुङ्गा उप्काएर अन्यत्र लगिएको तर, उक्त ठाउँमा ग्राभेललगायतका सामग्री नराख्दा बिरामी तथा विद्यालय जाने विद्यार्थीलाई समस्या भएको हो । सडक समयमा काम नहुँदा ठूलीपोखरी हुँदै दैनिक आवतजावत गर्ने सवारीसाधन बाटैमा अलपत्र परेका हुन् । वैकल्पिक व्यवस्था नगरी सडक अलपत्र छाड्दा उकालो ठाउँमा हिलोले सवारीसाधन जान सकिरहेका छैनन् । सवारीसाधन नियमित नहुँदा विद्यालय जाने विद्यार्थी तथा बिरामीलाई समेत समस्या भएको स्थानीय मिलन पौडेलले जानकारी दिनुभयो ।

हिलो हुने समयमा भइरहेको सोलिङ उप्काएर ढुङ्गा लाने तर बाटो नबनाउने गर्दा स्थानीय समस्यामा परेको कुश्मा नगरपालिका-१२ का वडाध्यक्ष झलकप्रसाद रिमालले बताउनुभयो ।

वैकल्पिक सडकको उचित व्यवस्थापन तथा मर्मत हुनुपर्नेमा निर्माण व्यवसायीले ढिलासुस्ती गरेको उहाँको आरोप छ । "हामीले पटकपटक निर्माण व्यवसायीलाई बोलाएर समस्या समाधान गर्न आग्रह गरेका छौँ, तर खासै ध्यान दिइएको छैन, उहाँले भन्नुभयो, "कतिपय समयमा उल्टो गाली गर्ने गरेको छ ।" स्थानीय बासिन्दा तथा यातायात व्यवसायी सुरेश केसीका अनुसार सडक बिग्रँदा दैनिक रूपमा कुश्मा, पोखरालगायत ठाउँमा जाने र आउने सवारीसाधन आवतजावत गर्न कठिनाइ भएको बताउनुभयो । उहाँका अनुसार निर्माण व्यवसायीलाई मर्मतको कुरा उठाउँदा धम्क्याउने गरेका बताउनुभयो । सो सडकको निर्माण र अनुगमनको जिम्मेवारी लिएको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले यस विषयमा निर्माण पक्षलाई पटकपटक निर्देशन दिएको बताउनुभयो । "हामीले तत्काल सडक मर्मत गर्न भनिरहेका छौँ तर निर्माण व्यवसायीले अटेरी गर्दा यस्तो समस्या आएको हो, त्यसका लागि स्थानीय जनता र जनप्रतिनिधिले दबाब दिनुपर्छ", उहाँले भन्नुभयो । सडकमा सोलिङ भएको भाग उप्किएपछि साना गाडी, मोटरसाइकल र पैदल यात्रुहरू आवतजावत गर्दा दुर्घटनाको जोखिम बढेको छ । स्थानीयले सम्बन्धित निकाय तथा निर्माण कम्पनीलाई तत्काल मर्मत गरी सडक व्यवस्थित बनाउन आग्रह गरेका छन् । पूर्वाधार विकास कार्यालयको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बजेट रु पाँच करोड ८० लाखमा पाँच किलोमिटर सडकको स्तरोन्नति सुरु भएको हो । उक्त सडक यस आवमा सकिनुपर्नेमा हालसम्म जम्मा २५ प्रतिशतमात्र काम भएको छ । सडकमा कालोपत्र, ढलान, नाली, टेवा पर्खाल तथा जाली लगाउने कार्य हुने जिल्ला पूर्वाधार कार्यालयले जनाएको छ ।

# लोकमार्ग कालोपत्र नभएपछि स्थानीयद्वारा ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ कार्तिक

निर्माण व्यवसायीको लापरबाहीका कारण बागलुङको मध्यपहाडी पुष्पलाल लोकमार्गको बिहुँखण्ड अलपत्र परेपछि स्थानीयले शीघ्र काम गर्नुपर्ने भन्दै सरोकार भएका निकायलाई ध्यानाकर्षण गराएका छन् ।

निमार्णाधीन सडक अलपत्र हुँदा आसपासका क्षेत्रमा ढुङ्गा, कङ्क्रिटका कारण खेतीपाती हुन छोडेको, सुन्तलाखेती नभएको र धुलोका कारण स्वास्थ्य बिग्रिएको बताउँदै स्थानीयले आज बागलुङका प्रमुख जिल्ला अधिकारीसमक्ष ध्यानाकर्षण पत्र बुझाएका हुन् । ध्यानाकर्षण पत्र बुझाउँदै उहाँहरूले ठेकेदारले तत्कालै काम नगरे आगामी मङ्सिर १ गतेदेखि सडक बन्द गर्ने चेतावनी दिएका छन् । दुई वर्षमा कालोपत्र भइसक्ने लोकमार्गको बागलुङ खण्डअन्तर्गत २६ किलोमिटर नौ वर्षसम्म पनि १२ कालोपत्र हुन सकेको छैन । लोकमार्गको बागलुङ बजारबाट घोडाबाँधे खण्डको २६ किमी सडक कालोपत्रका लागि ठेक्का सम्झौता गरेको नौ वर्षसम्म पनि अलपत्र बनेको छ । बिहुँ खण्डको १३ किमी सडक पाँच पटक म्याद थप्दा कालोपत्र नभएपछि ठेक्का रद्द गरेर नयाँ सम्झौता गरिएको थियो । नयाँ ठेक्का सम्झौता गरेको एक वर्ष बित्दा भौतिक प्रगति १२ प्रतिशत मात्रै भएपछि स्थानीयले जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराएका हुन् ।

बागलुङका काठेखोला गाउँपालिका-५ र ६ का स्थानीयले आज प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई ध्यानाकर्षण गराउँदै तत्काल काम अघि बढाउन आग्रह गरिएको गराइएको स्थानीय भरतप्रसाद सापकोटाले बताउनुभयो । उहाँले लोकमार्ग आयोजना कार्यालय पर्वत र निर्माण व्यवसायीले स्थानीयको माग अटेर गरेका भन्दै समस्या समाधानका लागि आग्रह गरिएको उहाँको भनाइ छ ।

काठेखोला गाउँपालिका-५ का वडाध्यक्ष ज्ञामनाथ कँडेल र ६ का वडाध्यक्ष बृहस्पति कँडेलको नेतृत्वमा जिल्ला प्रशासन पुगेको स्थानीयको टोलीले मध्यपहाडी लोकमार्गको तत्कालै काम सुरु नभए आगामी मङ्सिर १ गतेदेखि बागलुङको बिहुँ खण्ड पूर्ण रूपमा बन्द गर्ने चेतावनी दिएका छन् । स्थानीयसहित पुगेको टोलीले सडक बन्दको चेतावनीसहित जिल्ला प्रशासन कार्यालयमा चारबुँदे ध्यानाकर्षण पत्र बुझाएको वडाध्यक्ष कँडेलले बताउनुभयो । मङ्सिरसम्म जिल्ला प्रशासन कार्यालय, मध्यपहाडी लोकमार्ग र निर्माण व्यवसायीबीच बैठक बसेर काम अघि बढाउन पहल गर्ने प्रजिअ गुरुङले प्रतिबद्धता जनाउनुभयो । मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड १४० किमीमध्ये सबै सडक कालोपत्र सकिँदा बिहुँ खण्डको १२ किमी अलपत्र बनेको हो । बिहुँ-घोडाबाँधे खण्डको १३ किमी सडक आठ वर्षमा पनि कालोपत्र नभएपछि ठेक्का तोडेर विसं २०८१ असार २१ गते दुई वर्षमा काम सक्नेगरी तामाङ/रिजाल भगवती जेभीसँग रु २१ करोड ४९ लाखमा ठेक्का सम्झौता भएको थियो । उक्त खण्डको हालसम्मको भौतिक प्रगति १२ प्रतिशत मात्रै भएकाले बिहुँवासीले चेतावनी दिएका खिमानन्द कँडेलले उल्लेख गर्नुभयो ।

# एक महिनामा एक लाख २८ हजार पर्यटक भित्रिए

**रासस**
काठमाडौं, १६ कार्तिक

सन् २०२५ को अक्टोवर महिनामा एक लाख २८ हजार ४४३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

पदयात्रा र पर्वतारोहणका लागि नेपालको मुख्य पर्यटकीय याम मानिने अक्टोबरमा विभिन्न देशका पर्यटक नेपाल भित्रिएका हुन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार अक्टोबर महिनामा सबैभन्दा धेरै पर्यटक भारतबाट नेपाल आएका छन् । भारतबाट अक्टोबर महिनामा मात्र १७ हजार २९८ पर्यटक नेपाल घुम्न आएका हुन् । यस्तै, अमेरिकाबाट १३ हजार २८६ र बेलायतबाट आठ हजार ७१८ पर्यटक नेपाल आएका छन् । यसबाहेक छिमेकी मुलुक चीनबाट छ हजार ७५५ तथा जर्मनीबाट छ हजार ३६६ पर्यटक नेपाल आएका छन् । पर्यटक आगमन अवस्था हेर्दा कूल पर्यटकमध्ये युरोपेलीको हिस्सा ३१.६ प्रतिशत रहेको छ । युरोपेली मुलुकबाट मात्र ४० हजार ६० पर्यटक नेपाल आएका छन् ।

दक्षिण एसियाली राष्ट्र (सार्क) बाट २२.६ प्रतिशत पर्यटक आएका छन् । भारतसहित सार्क देशबाट २९ हजार ६० पर्यटक नेपाल भित्रिएको नेपाल पर्यटन बोर्डले जनाएको छ । अन्य एसियाली देशबाट २३ हजार १२७ पर्यटक नेपाल आएका छन् । गत वर्ष अक्टोबर महिनाको तुलनामा यस वर्ष ३.३ प्रतिशत बढी पर्यटक नेपाल घुम्न आएका हुन् ।

सन् २०२४ को अक्टोबरमा एक लाख २४ हजार ३९१ पर्यटक नेपाल घुम्न आएका थिए । नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२५ को १० महिनामा नौ लाख ४३ हजार ७१६ पर्यटक नेपाल घुम्न आएका छन् । सन् २०२४ को १० महिनामा नौ लाख ४१ हजार २४ पर्यटक नेपाल घुम्न आएका थिए ।

# पहिराले कागबेनी–कोरला सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ कार्तिक

यहाँस्थित कागबेनी-कोरला सडक अन्तर्गत विभिन्न १० स्थानमा पहिरोले सडक अवरुद्ध भएको छ । बिहीबार रातिदेखि परेको निरन्तर वर्षाका कारण सो सडकका विभिन्न स्थानमा लेदोसहितको बाढीले सडक संरचनामा क्षति पुगेको हो ।

कोरला सडकको कागबेनीदेखि छुसाङ खण्डसम्मको सडकमार्गका प्रत्येक खोल्लाखोल्सीमा लेदोसहितको बाढीले सडक संरचना क्षतविक्षत भएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो । उहाँले उपकरण प्रयोग गरी सडक खुलाउन पहल सुरु भए पनि तत्काल सडक सञ्चालन नहुने बताउनुभयो । उहाँका अनुसार ती स्थानमा सडक संरचना सहित वर्षाले सञ्चार सेवा समेत प्रभावित बनेको छ ।

कागबेनीदेखि वारागुङ मुक्तिक्षेत्र-३ स्थित चैलेसम्मको दूरीमा पर्ने दर्जनौं स्थानमा सडक माथिबाट लेदोसहितको पहिरो खसेर शुक्रबार बिहानदेखि नै सडक अवरुद्ध भएको थियो । राष्ट्रिय गौरवको कागबेनी-कोरला सडकखण्डअन्तर्गत कागबेनीदेखि ताङ्वेसम्मको दूरीमा लेदोसहितको बाढीले भन्डै ५० मिटर सडक भासिएर सडक संरचना पूरै ध्वस्त हुन पुगेको वारागुङ मुक्तिक्षेत्रका वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कागबेनी-ताङ्वे सडकखण्डमा चार स्थानभन्दा बढी सडक अवरुद्ध छ ।

त्यसैगरी, कोरला सडकको ताङ्वेदेखि छुसाङखण्डमा



विभिन्न स्थानमा अविरल वर्षाले सडक संरचनामा क्षति पुगेको बताइएको छ । ताङ्वेदेखि छुसाङ खण्डको ताङ्वे खोलामा लेदोसहितको बाढीले सडक संरचना पूरै बगाएको छ । यस्तै, वर्षाका कारण वारागुङ मुक्तिक्षेत्रस्थित मुस्ताङ गेडमाथिको चैलै सडकमा करिब ३५ मिटर बढी सडक पहिरोका कारण ध्वस्त भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । उहाँले उक्त सडकमा पर्खाल निर्माण गरी फिलिङ गरिएकामा पहिरोका कारण सडक भासिएर क्षति भएको बताउनुभयो ।

यसैबीच शनिबार प्रजिअ भुसालसहित सुरक्षाकर्मीको टोलीले वर्षाले अवरुद्ध कागबेनी-छुसाङ सडकखण्डको स्थलगत अवलोकन गरेको छ । यहाँको सडकलाई आवश्यक मर्मत गरी सडक खुलाउन तीनवटा उपकरण परिचालित गरिएको छ । यसैगरी , कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाले सडक सञ्चालनमा ल्याउन भएका स्रोतसाधन परिचालन गरिने बताएको छ । आयोजनाका अनुसार स्थानीय व्यक्तिको दुईवटा उपकरण र म्याग्दी खण्डमा एक लोडर सम्बन्धित स्थानमा पुगिसकेको जनाएको छ ।

कागबेनी-छुसाङ सडकखण्डको ठाउँठाउँमा सडक संरचना ध्वस्त भएका कारण तत्काल सडक सञ्चालन हुने अवस्था नरहेको वारागुङ-४ का वडाध्यक्ष कर्मा घ्याचो गुरुङले जानकारी दिनुभयो । शनिबारदेखि कोरला सडक मर्मत सुरु भए पनि धेरै ठाउँका सडकमा बाढीपहिरोले क्षति भएकाले सडक खुलाउन केही दिन लाग्ने उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय मुस्ताङले कागबेनी-कोरला सडक अवरुद्ध रहेकाले तत्काल त्यसतर्फ यात्रा नगर्न अनुरोध गरेको छ ।

यसअघि बिहीबार रातिको अविरल वर्षाका कारण तीन स्थानमा सडक क्षति हुँदा जोमसोम-कागबेनी सडक अवरुद्ध भएको थियो । यहाँ शनिबार बिहानै स्थानीय प्रशासनको पहलमा डोजर परिचालन गरी पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याइएको थियो । जोमसोम-कागबेनी सडक २४ घण्टापछि सञ्चालनमा आएसँगै मुक्तिनाथ दर्शन गर्ने दर्शनार्थीहरूका लागि सहज भएको जनाइएको छ ।

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै 'छाब्दीबाराही'

**पोखरापत्र संवाददाता**
तनहुँ, १६ कार्तिक

यहाँको व्यास नगरपालिका-१४ स्थित प्रसिद्ध छाब्दीबाराही मन्दिर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासका साथ यहाँ विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन् ।

यहाँ वार्षिक छ-सात लाख भक्तजन आउने गरेका छाब्दीबाराही विकास कोषका अध्यक्ष प्रेमबहादुर थापाले जानकारी दिनुभयो । सदरमुकाम दमौलीबाट सात किलोमिटर पक्की सडक यात्रा गरेपछि मन्दिर पुगिन्छ । मन्दिरको गत वर्ष पुनर्निर्माण गरी आकर्षक बनाइएको छ । कोषका अध्यक्ष थापाका अनुसार गण्डकी प्रदेश सरकारको रु २४ लाख आर्थिक सहयोग र छाब्दीबाराही विकास कोषको आन्तरिक कोषबाट रु ४६ लाख गरी रु ७० लाखको लागतमा मन्दिरको पुनर्निर्माण गरिएको हो । मन्दिरमा शनिबारमात्रै करिब पाँच हजार भक्तजनले पूजाआजा गरेका छन् । दसैं, तिहारका बेला मन्दिरमा भक्तजनको उल्लेख्य उपस्थिति



रहने उहाँको भनाइ छ । साउन महिनाभरि, प्रत्येक महिनाको औंसी र एकादशीमा भने यहाँ पूजाआजा बन्द गरिने अध्यक्ष थापाले बताउनुभयो । "छाब्दीबाराहीमा सुनको टीका भएको माछाको रूपमा जलदेवी बसेकी जनविश्वास छ । मन्दिर बाहिर खोलामा पनि हजारौं माछा छन् । छाब्दी कुण्डमा स्नान गरी उपवासपूर्वक पूजा गरेमा अन्जानमा गरिएका सबै पापबाट मुक्त भइन्छ र मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ", उहाँले भन्नुभयो । मन्दिरमा तीन जना मगर जातिका पुजारी छन् । यहाँ साउन, एकादशी र औंसीबाहेकका दिनमा बली चढाइने अध्यक्ष थापाले जानकारी दिनुभयो । मन्दिरमा हाँस, परेवा, बोका, राँगाको बली दिइने चलन छ । मन्दिर परिसरमा पुरानो छाब्दीबाराही मन्दिर, माछाको मुखको धारा, पोखरीमा माछा, पोखरीको बीचमा मत्स्यगन्धाको मूर्ति आकर्षणका रूपमा रहेका छन् । मन्दिरको संरक्षण, वातावरणमैत्री भौतिक पूर्वाधार विकास, धार्मिक तथा ग्रामीण कृषि पर्यटन विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित मन्दिरको गुरुयोजना निर्माण गरिएको अध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँका अनुसार गुरुयोजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा, भौतिक अवस्था र जैविक विविधताको संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि, मन्दिर परिसरको सौन्दर्यकरण र फोहोरमैला व्यवस्थापनका सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम गर्ने प्रस्ताव गरिएको छ ।

# मनास्लु पदमार्गमा आवातजावत खुला

**पोखरापत्र संवाददाता**
गोरखा, १६ कार्तिक

उत्तरी गोरखाको मनास्लु पदमार्गमा आवतजावत खुला गरिएको छ ।

अत्यधिक हिमपात र वर्षाका कारण पहिरोको जोखिम बढेपछि गत बिहीबारदेखि आवतजावतका बन्द गरिएको पदमार्ग आजदेखि खुला गरिएको जिल्ला प्रशासन कार्यालय गोरखाका निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । पदायात्रामा निस्किएका पर्यटकलाई पथप्रदर्शकको सहयोगमा पदमार्गको आवश्यक सूचना लिएर सुरक्षित आवातजावत गर्न पनि प्रशासनले अनुरोध गरेको छ । "जल तथा मौसम विज्ञान विभागले मौसममा क्रमिक सुधार हुने प्रक्षेपण गरेकाले पदमार्ग खुला गरिएको हो", उहाँले भन्नुभयो, "पदयात्राका क्रममा समस्या परे मनास्लु संरक्षण क्षेत्र, नजिकको सुरक्षा निकायबाट जानकारी लिन भनिएको छ ।" मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाका प्रमुख सन्तोष शेरचनले मनास्लु पदमार्गमा पदयात्रामा निस्कँदा मौसमसम्बन्धी जानकारी लिएर निस्कन र वर्षाका कारण केही ठाउँमा पदमार्ग बिग्रिएकाले सावधानी अपनाउन अनुरोध गर्नुभएको छ । "अहिलेको अवस्था हेर्दा अधिकांश बाटा खुला छन् तर केही भागमा हिउँ जमेको र बाटो बिग्रिएकाले सावधानी अपनाउनु आवश्यक छ", उहाँले भन्नुभयो । अत्यधिक हिमपात र वर्षाका कारण केही दिनदेखि मनास्लु क्षेत्र घुम्न पुगेका पर्यटक बाटोबाटै फर्किएका थिए ।

# हिमपातपछि तिलिचो र थोराङ्लाको बाटो खुलाउने प्रयास

**पोखरापत्र संवाददाता**
मनाङ, १६ कार्तिक

लगातारको हिमपातका कारण यतिबेला मनाङको जनजीवन प्रभावित भएको छ । पर्यटकीय याममा तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ, लार्के पास तथा मनास्लु पदयात्राका लागि जानेहरुको तालिका बिग्रिएको छ ।

हिउँले पदमार्ग पुरिएपछि यात्रा अघि बढाउन मुस्किल छ । यात्रा सहज बनाउने उद्देश्यले मनाङ जिल्ला प्रशासन, स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाई (एक्याप) मनाङ, पर्यटन व्यवसायीको संयुक्त सहमतिमा बाटो खुलाउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हिमपात भएपछि यात्रा प्रभावित भएको छ, बाटो खुलाउने प्रयास भइरहेको छ ।" अहिले मौसम खुल्दै गएकाले पथपदर्शक भएका पर्यटकलाई तिलिचोको बाटो बनाउँदै जान दिने निर्णय भएको उहाँले बताउनुभयो । "पथपदर्शकबिना आएका पर्यटकलाई माथिल्लो क्षेत्रतर्फ जान रोक लगाइएको छ", प्रमुख जिल्ला अधिकारी पौड्यालले भन्नुभयो, "हिमपातपछि माथिल्लो क्षेत्रसँग सञ्चार हुन मुस्किल छ । जोखिमलाई मध्यनजर गरी पथपदर्शकबिना पदयात्रा रोक लगाइएको छ ।" मनाङका साथै मुस्ताङ र गोर्खाको प्रमुख जिल्ला अधिकारीबीच समन्वय गरी पदयात्रालाई निरन्तरता दिन लागिएको उहाँले जानकारी दिनुभयो । पर्यटकीय दृष्टिले असोजदेखि मङ्सिर पहिलो सातासम्मलाई अनुकूल मानिन्छ । यतिबेला पदयात्राको मुख्य सिजन चलिरहँदा हिमाली भेगमा परेको भारी हिमपातले रोकिएको पदयात्रालाई निरन्तरता दिन लागिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइ मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तिलिचो आधार शिविरसम्म बाटो खोलिसकिएको छ । तिलिचो तालसम्म बाटो खुलाउने प्रयास गर्ने तयारी भएको छ । तलबाट पर्यटक माथिल्लो भेगतर्फ लागेका छन् । तर, हिउँ बाक्लो र बाटो पुरिएको छ । खुलाउने प्रयास जारी छ ।"

थोराङ्लातर्फ पर्यटक जानेक्रम पनि सुरु भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "इन्टरनेट तथा सञ्चारको पहुँच राम्रो छैन । माथिल्लो क्षेत्रसँग प्रत्यक्ष रुपमा सम्पर्क गर्न सकिएको छैन । माथिबाट फर्किएका पर्यटक तथा पोर्टरसँग जानकारी लिँदा गइरहेका छन् भन्ने पाइएको छ, थोराङ्लातर्फ आज मात्रै करिब २०० विदेशी पर्यटक हिँडेका छन् ।" पथप्रदर्शक नभएका पर्यटकलाई पथप्रदर्शक भएका पर्यटकको समूहमा मिलेर यात्रा गर्न आग्रह गरिएको एक्याप प्रमुख भुजेलले बताउनुभयो । मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले विदेशबाट अन्नपूर्ण पदमार्गमा यात्रा गर्नकै लागि पर्यटक आउने भएकाले सहज बनाउने उद्देश्यले बाटो खुलाउन स्थानीय तह, जिल्ला प्रशासन, सुरक्षा निकाय, पर्यटन व्यवसायीले संयुक्त रुपमा बाटो खुलाउन लागिपरेको बताउनुभयो । उहाँले भन्नुभयो, "साहसिक यात्रामा आउने पर्यटकलाई सुरक्षित यात्राको जानकारी दिएर यात्रालाई निरन्तरता दिनुपर्छ । रोकिएका पर्यटकलाई सहज बाटो बनाउनुपर्छ भनेर तिलिचो तालको बाटो खुलाउन लागिएको हो ।" जिल्ला प्रशासनले हिमपात रोकिए पनि हिमपहिरो आउनसक्ने जोखिम रहेको भन्दै एक सातासम्म पदयात्रामा नजान रोक लगाइएको थियो । अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्राका लागि आन्तरिक तथा बाह्य पर्यटकको यात्रालाई सहज बनाउन हिउँ पन्छाएर सहज बनेको छ । तर, माथिल्लो क्षेत्रमा हिउँ बाक्लो नै रहेको छ । जोखिमलाई मध्यनजर गर्दै यात्रा गर्न सुझावसहित आजदेखि यात्रा खुला गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । चार हजार मिटर उचाइ अवस्थित तिलिचो आधार शिविर (बेसक्याम्प) बाट तिलिचो पुग्न कम्तीमा पाँच घण्टा लाग्छ । विश्वकै अग्लो स्थान चार हजार ९१९ मिटर उचाइमा तिलिचो ताल अवस्थित छ । पर्यटकले मनाङगाउँबाट तीन दिनमा यात्रा पूरा गर्दछन् । त्यस्तै मनाङको मनाङ डिस्याङ गाउँपालिका-८ स्थित पाँच हजार ४१६ मिटर उचाइमा थोराङ्ला भञ्ज्याङ अवस्थित छ । मनाङ र मुस्ताङ सिमाना थोराङ्ला भञ्ज्याङ मनाङगाउँबाट तीन दिनको अवधि पार गर्दछन् । यस पदमार्ग हुँदै थोराङ्ला भञ्ज्याङ पार गरेर सवारीसाधनका माध्यमबाट पर्यटक पोखरा पुग्ने गर्दछन् ।


## कर्जा भुक्तानी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०७/१७**

यस बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने छ र तपाई ऋणी तथा धनजवानी कर्तालाई नेपाल राष्ट्र बैंक अन्तर्गतको कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेस गर्न सकिने समेत व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण |
|---|---|---|---|
| **ऋणीको नाम थर : विष्णुमाया पौडेल बराल**<br>ना.प्र.नं. : ५३८९६, कास्की<br>स्थायी ठेगाना : पोखरा-२२, पुम्दीभुम्दी, कास्की<br>पतिको नाम : खिमलाल बराल<br>ससुराको नाम : नन्दलाल बराल |  | ऋणीको नाममा रहेको कास्की जिल्ला ढिकुरपोखरी-९ कित्ता नं. १३७५, क्षेत्रफल ६-८-०-२ रोपनी भएको जग्गा । हाल अन्नपूर्ण गा.पा. वाड नं.-२, कास्की | नाम थरः खिमलाल बराल<br>बुबाको नामः नन्दलाल बराल<br>ठेगानाः पोखरा-२२, पुम्दीभुम्दी, कास्की |
| **ऋणीको नाम थर : असिम गुरुङ्ग**<br>ना.प्र.नं. : ४६१०४३/२२२, कास्की<br>स्थायी ठेगाना : धम्पुस-६, कास्की<br>हालः माछापुच्छ्रे गा.पा. वाड नं.-७, धम्पुस, कास्की<br>बाबुको नाम : दल बहादुर गुरुङ्ग<br>बाजेको नाम : टेक बहादुर गुरुङ्ग |  | ऋणीको नाममा रहेको कास्की जिल्ला धम्पुस वाड नं.-८ का कित्ता नं. क्रमशः १५८, २३०, २४२ क्षेत्रफल क्रमशः ०-१५-३-०, ०-६-१-३, ३-९-३-२ रोपनी र वाड नं.-९ का कित्ता नं. क्रमशः १४४, २३३, १८४, १८५, ११९, १५९, २६०, २८१, १७८, २२२, ९४, ९५, ९९,१३०, १९८, १०५, १४८, १७७, २५६, २८० क्षेत्रफल क्रमशः १-०-०-१, ०-६-१-२, ०-३-१-२, ०-९-१-३,०-३-०-२, ०-४-३-२, ०-१०-३-१, ०-९-१-३,०-७-३-१, १-१०-०-१, ०-७-१-२, ४-०-१-३, १-९-१-१, १-१३-२-१, ०-१२-३-२, ०-३-०-२, १-८-२-१, १-४-०-२, ०-८-०-१, ०-१-३-१ रोपनी<br>(हाल माछापुच्छ्रे गा.पा. वाड नं.-७, कास्की) | नाम थरः दल बहादुर गुरुङ्ग<br>बुबाको नामः टेक बहादुर गुरुङ्ग<br>स्थायी ठेगानाः धम्पुस-६, कास्की<br>हालः माछापुच्छ्रे गा.पा. वाड नं.-७, धम्पुस, कास्की |

नोट : यस संस्थाबाट ऋण लिई ऋण र ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा- १७, बिरौटा, कास्की फोन नं.: ०६१-४५३१८७**